निर्णय प्रमाणित

मिति : २०८२/१०/०४, कापा बैठक संख्या: १३-०८२/८३

## बैठक नं. १३

आज मिति २०८२ साल माघ ४ गते आइतवार (ने.सं. ११४६, पोहेलागा, आमै) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक ८:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | सुकमाया | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | खगिसरा | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

कञ्चन गाउँपालिका

मिति : २०८२/१०/०४, का.पा बैठक संख्याः १३-२०८२/८३

माधव प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१३.१ विनियोजन ऐन, २०८२ को पहिलो संशोधन सम्वन्धमा,

१३.२ राजस्व परामर्श समितिको पुनर्गठन सम्बन्धमा,

१३.३ लेखा समितिको पुनर्गठन सम्बन्धमा,

१३.४ वेरूजु समपरिक्षण सम्बन्धमा,

१३.५ कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दोस्रो संशोधन सम्बन्धमा,

१३.६ साझेदारीमा संचालन हुने कार्यक्रम (म्याचिङ फन्ड) कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

**निर्णयहरू**

१३.१. **विनियोजन ऐन, २०८२ को पहिलो संशोधन सम्वन्धमा,**

गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८२/०९/२९ गते बसेको बैठकको निर्णय समेतका आधारमा यस गाउँपालिकाको आ.व.२०८२/८३ का लागि स्विकृत वार्षिक कार्यक्रमहरु संशोधन, रकमान्तर तथा थप गर्दा संचित कोषबाट व्ययभार हुने रकम समेत संशोधन हुने हुँदा उक्त ऐनको पहिलो संशोधन विधेयक, २०८२ को देहाय बमोजिमको संशोधन प्रस्ताव कार्यापालिकाबाट अनुमोदन गर्दै स्विकृतका लागि कञ्चन गाउँपालिकाको उन्नाइसौ गाउँसभाको दोस्रो बैठकमा उपाध्यक्ष श्री मौसमी थापा मगर मार्फत पेश गर्ने

**देहायः**

नामः कञ्चन गाउँपालिकाको विनियोजन ऐन,२०८२ को (पहिलो संशोधन),२०८२

| सि.नं. | दफा | ऐनको वर्तमान व्यवस्था | ऐनमा संशोधन प्रस्ताव | कारण तथा सुझाव |
|---|---|---|---|---|
| १. | दफा १(१) | कञ्चन गाउँपालिकाको विनियोजन ऐन,२०८२ ( पहिलो संशोधन) | | |
| | | कञ्चन गाउँपालिकाको विनियोजन ऐन,२०८२ लाई संशोधन गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२९(२) को अधिकार प्रयोग गरी देहायका दफाहरु थप परिमार्जन र संशोधन गरिएको छ। | | |
| | | १. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम कञ्चन गाउँपालिकाको विनियोजन ऐन,२०८२ ( पहिलो संशोधन) रहेको छ । | | |

| | | | | |
|---|---|---|---|---|
| | | २. यो ऐन गाउँसभाबाट पारित भए पश्चात लागु हुनेछ । | | |
| | २ | आर्थिक वर्ष २०८२/८३ को निमित्त अनुसूचिमा उल्लेख भए बमोजिम स्थानीय संचितकोष माथि व्ययभार हुने रकम बाहेक अनुसुचिमा उल्लिखित चालु खर्च अनुसूचिमा उल्लेखित पुजीगत खर्च गरी जम्मा रकम रु ५६,१२,३०,६५० (अक्षरुपी छपन्न करोड बाह्र लाख तिस हजार छ सय पचास मात्र/) नबढ्ने निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । | आर्थिक वर्ष २०८२/८२ को निमित्त अनुसूचिमा उल्लेख भए बमोजिम स्थानीय संचितकोष माथि व्ययभार हुने रकम बाहेक अनुसुचिमा उल्लिखित चालु खर्च अनुसूचिमा उल्लेखित पुजीगत खर्च गरी जम्मा रकम रु. ५८,०२,१३,९५१ (अक्षरुपी अन्ठाउन्न करोड दुई लाख तेह्र हजार नौ सय एकाउन्न मात्र/-) नबढ्ने निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। | |
| | ३(१) | यस ऐनद्धारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त अनूसूचिमा उल्लिखित कार्यहरुको निमित्त बजेट विनियोजन गरिनेछ । | अनूसूचिमा स्विकृत वार्षिक कार्यक्रमहरु संशोधन, रकमान्तर तथा थप गर्नै | |

### १३.२ राजस्व परामर्श समितिको पुनर्गठन सम्बन्धमा

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व परामर्श समितिको सदस्य सचिव पदमा हालसम्म आर्थिक प्रशासन शाखा प्रमुख रहेकोमा सो ऐनको प्रावधान बमोजिम नै कञ्चन गाउँपालिकाको उल्लिखित समितिको सदस्य सचिवको रूपमा गाउँपालिका अन्तर्गतको राजश्व शाखा प्रमुख रहने गरी स्थानीय राजस्व परामर्श समिति पुनर्गठन गर्नका लागि कार्यपालिकाबाट अनुमोदन प्रदान गरी गाउँसभाको उन्नाइसौ गाउँसभामा स्वीकृतीका लागि पेश गर्ने ।

### १३.३ लेखा समितिको पुनर्गठन सम्बन्धमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली निर्माण गरी कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्ने सक्ने उल्लेख छ। त्यस्तै लुम्बिनी प्रदेशबाट जारी भएको गाउँसभा/नगरसभाको (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ६७अनुसार स्थानीय सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मुल्याङ्कन गरी स्थानीय तहको सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा

राय सल्लाह समेत दिनका लागि लेखा समिति रहने उल्लेख छ। पालिकाको २०८०/०३/०७ मा बसेको १४ औं गाउँसभाको निर्णयानुसार कार्यपालिका सदस्य श्री हरि नारायण थारुको संयोजकत्वमा निम्नानुसार लेखा समिति गठन भएको देखियो। स्थानीय सरकारको कार्यकारी संरचना कार्यपालिकाको सदस्यको संयोजकत्वमा लेखा समितिको गठन भएको अवस्थाले स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी पारदर्शी र निश्पक्ष रुपमा सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह उपलब्ध नहुन सक्ने देखिन्छ। ऐनमा व्यवस्था भए अनुसार सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी पारदर्शी र निश्पक्ष रुपमा सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह उपलब्ध हुने गरी सभाको सदस्यको संयोजकत्वमा लेखा समितिको गठन हुनु पर्दछ भन्ने व्यहोराको सैद्धान्तिक बेरुजु महालेखा परिक्षकको आ.व. २०८१/८२ को प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएकोले यस गाउँपालिकाका गाउँ सभाका सदस्य श्री दिपक अधिकारीको संयोजकत्वमा तपसिल बमोजिमका सदस्य रहने गरी समिति पुनर्गठन गर्ने ।

<u>देहाय</u>

| सि.नं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री दिपक अधिकारी | संयोजक | |
| २ | श्री भरतलाल यादव | सदस्य | |
| ३ | श्री इन्दिरा गौतम | सदस्य | |
| ४ | श्री आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य-सचिव | |

**१३.४ बेरूजु समपरीक्षण सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको महालेखा परीक्षकको प्रतिवेदनद्वारा औंल्याएका बेरूजुहरूको समपरीक्षण सम्बन्धमा देहाय बमोजिम गर्ने -

**आ.व. ०७५/०७६ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर दफावार छलफल र बेरुजु समपरीक्षण सम्बन्धमाः**

कञ्चन गाउँपालिकाको आ.व. ०७५/०७६ को आर्थिक कारोबार सम्बन्धमा अन्तिम लेखापरिक्षण गरि महालेखा परिक्षकको कार्यालयबाट प्राप्त वार्षिक प्रतिवेदन उपर दफावार छलफल गर्दा देहायका बेरुजुहरुलाई समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा पेश गर्नका लागि आगामि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

<u>१.बुँदा नं ३३</u> -को बेरुजु उपर छलफल हुँदा बकुलाघाट खानेपानी आयोजनाका लागि प्राप्त रु.२५००००००/- (अक्षरुपी दुई करोड पचास लाख रुपैया मात्र) कार्यपालिकाको निर्णयानुसारनै गाउँपालिकाको आवश्यकताका आधारमा विभिन्न सडक आयोजनमा खर्च भईसकेकोले आ.व. ०७५/७६ को श्री महालेखा परिक्षकको कार्यालयबाट अनियमित भनि बेरुजु औलाईएकोमा आ.व. ०७५/७६ पश्चात कुनै आयोजनाका लागि प्राप्त रकम कार्यपालिका

तथा सभाको निर्णय गराई अन्यत्र खर्च नगरेको तथा यस पश्चात पनि नगरिने प्रतिबद्धता व्यक्त गर्दै बेरुजु समपरिक्षणका लागि श्री महालेखा परिक्षकको कार्यालय सँग अनुरोध गर्नका लागि सभामा पेश गर्ने ।

**आ.व. ०७६/०७७ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर दफावार छलफल र बेरुजु समपरीक्षण सम्बन्धमाः**

कञ्चन गाउँपालिकाको आ.व. ०७६/०७७ को आर्थिक कारोबार सम्बन्धमा अन्तिम लेखापरिक्षण गरि महालेखा परिक्षकको कार्यालयबाट प्राप्त वार्षिक प्रतिवेदन उपर दफावार छलफल गर्दा देहायका बेरुजुहरुलाई समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा पेश गर्नका लागि आगामि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

१.बुँदा नं ११.५ -को बेरुजु उपर छलफल हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ को ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था रहेको छ, तर गाउँपालिकाले विभिन्न आयोजनामा कार्यपालिकाको निर्णय गरि खर्च गरेको भनी उल्लेख भएको अनियमित बेरुजु उपर छलफल हुँदा उक्त आयोजनाहरु गाउँपालिका भित्र संचालन गर्न आवश्यक रहेको देखिएकोले उक्त संचालन भएका आयोजनाहरुको खर्च रकम गाउँसभाबाट अनुमोदन गरी यस पश्चात गाउँसभाबाट स्वीकृत बेगरका आयोजना तथा कार्यक्रहरु मात्र कार्यान्वयन गर्ने गरी कायम हुन आएको ५१,४०,०००/- (अक्षरुपी रु एकाउन्न लाख चालिस हजार रुपैया मात्र) समपरिक्षणका लागि पेश गर्ने ।

२.बुँदा नं १२.२ -को बेरुजु उपर छलफल हुँदा विभिन्न आयोजनाका लागि अनुगमन भत्ता भुक्तानी गरेको भनी रु. १८५७२५/- (अक्षरुपी एक लाख पचासी हजार सात सय पच्चिस रुपैया मात्र) अनियमित भनी बेरुजु औंलाईएकोमा सो आ.व. पश्चात अनुगमन भत्ता दिने कार्यमा नियन्त्रण भएको पाईएको तथा यस पश्चात कुनै गाउँपालिका भित्रको आयोजनाको कार्यालयकै कर्मचारी तथा जनप्रतिनिधिबाट अनुगमन गर्दा नियमानुसार पाउने सेवा सुविधा मात्र लिने तथा यस प्रकृतिका चालु खर्च नियन्त्रणका लागि गाउँपालिका कार्यलायलाई निर्देशन दिने निर्णय सहित भ्रमण प्रतिवेदन, भ्रमण पुष्टि हुने विल भरपाई, भ्रमण अभिलेख खाता, कुन आयोजनाको अनुगमन गरेको हो फोटो सहितको स्पष्ट विवरण लगाएतका अभिलेख दुरुस्त राखि तालिम तथा गोष्ठि जस्ता कार्यालयको दैनिक कामकाज भित्र पर्ने कार्यको अनुगमन गर्ने तर भत्ता वितरणमा नियन्त्रण गर्न कार्यालयलाई आदेश दिने निर्णय सहित बेरुजु समपरिक्षणका लागि श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने कार्यका लागि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

३.बुँदा नं १२.४ -को असम्बन्धित खर्च भन्ने व्यहोराको बेरुजु उपर छलफल हुँदा गाउँपालिकाको कार्यालयले कञ्चन रेडियो ९५.८ मेगाहर्जलाई Dell Branded कम्प्युटर खरिद

गरि रु. १०००००/- (अक्षरुपी एक लाख रुपैया मात्र) भुक्तानी दिएको भनि अनियमित प्रकृतिको बेरुजु औलाईएकोमा कञ्चन रेडियो गाउँपालिकाको एकमात्र रेडियो भएको तथा गाउँपालिकाका सुचना तथा कार्यक्रम संचार संप्रेषण गर्ने एक मात्र रेडियो भएको व्यहोरा अनुरोध गर्दै रेडियोको आर्थिक अवस्था अत्यन्त नाजुक भई रेडियो बन्द हुने अवस्थामा पुगकोले गाउँपालिकाबाट एक थान कम्प्युटर उपलब्ध गराएको तथा यस पश्चात कुनै पनी संस्थालाई जिन्सी सामान किनि हस्तान्तरण नगर्ने प्रतिवद्धता सहित बेरुजु समपरिक्षणका लागि श्री महालेखा परिक्षको कार्यालयलाई अनुरोध गर्न सभामा पेश गर्ने निर्णय गरियो ।

**आ.व. ०७७/०७८ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर दफावार छलफल र बेरुजु समपरीक्षण सम्बन्धमाः**

कञ्चन गाउँपालिकाको आ.व. ०७७/०७८ को आर्थिक कारोबार सम्बन्धमा अन्तिम लेखापरिक्षण गरि महालेखा परिक्षकको कार्यालयबाट प्रास वार्षिक प्रतिवेदन उपर दफावार छलफल गर्दा देहायका बेरुजुहरुलाई समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा पेश गर्नका लागि आगामि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

१.बुँदा नं ४४ - अनुदानको अनियमित बेरुजु रु.३२,५०,०००/- (अक्षरुपी बत्तिस लाख पचास हजार रुपैया मात्र) बराबर गुणस्तर र सदुपयोग भन्ने व्यहोराको बेरुजु उपर छलफल हुँदा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT LAB, पुस्तकालयका लागि अनुदान कार्यक्रम अन्तर्गत कार्यविधि अन्तर्गत रहि विद्यालयको खातामा रकम निकाशा भएको तथा तोकिएको कार्यक्रममा खर्च भएको व्यहोरा अनुरोध गर्दै फोटो सहितको अनुगमन प्रतिवेदन पेश हुन आएकोले बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।

२.बुँदा नं ४४ -को शिर्षक फरक पारी खर्च भन्ने व्यहोराको बेरुजु उपर छलफल हुँदा पालिकाले आधारभुत तथा आकस्मिक सेवाका लागि औषधि खरिद शिर्षकबाट कोभिडको बेला पि.पि.ई खरिद गरि भुक्तानी गरेको भनि रु. ९७,५९२/- (सन्तानब्बे हजार पाँच सय बयानब्बे रुपैया मात्र) अनियमित भनि बेरुजु औलाईएकोमा कोभिडको अवस्था पुर्वानुमान गर्न नसकि सो आ.व.मा कोभिड सम्बन्धि छुटै बजेट विनियोजन नभएको तथा आक्समिक अवस्थाको व्यवस्थापनका लागि पि.पि.ई खरिद गरेको व्यहोरा अनुरोध गर्दै सभाबाट उक्त खर्चको समर्थन सहित यस पश्चात खर्च लेख्दा सभाबाट स्वीकृत बजेट भित्र रहि शिर्षक फरक नपारी खर्च गर्न कार्यालयलाई निर्देशन दिने निर्णय सहित बेरुजु समपरिक्षणका लागि श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने कार्यका लागि सभामा पेश गर्ने ।

**आ.व. ०७८/०७९ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर दफावार छलफल र बेरुजु समपरीक्षण सम्बन्धमाः**

मिति : २०८२/१०/०४, का.पा बैठक संख्या: १३-२०८२/८३

कञ्चन गाउँपालिकाको आ.व. ०७८/०७९ को आर्थिक कारोबार सम्बन्धमा अन्तिम लेखापरिक्षण गरि महालेखा परिक्षकको कार्यालयबाट प्राप्त वार्षिक प्रतिवेदन उपर दफावार छलफल गर्दा देहायका बेरुजुहरुलाई समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा पेश गर्नका लागि आगामि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

१.बुँदा नं ४० भरपाई पेश नभएको भन्ने बेरुजु उपर छलफल हुँदा गहु वितरणको भरपाई पेश भएकोले प्रमाण पेश गर्नुपर्ने बेरुजु रकम रु. १८७६००/- (अक्षरुपी एक लाख सतासी हजार छ सय रुपैया मात्र) नियमित गरि समपरिक्षणका लागि गर्ने निर्णय गरियो ।

२.बुँदा नं ४१ -को ड्राईभिङ्ग तालिम संचालन गर्दाको अनियमित बेरुजु रकम रु. १,४९,९८०/- (अक्षरुपी रु. एक लाख उनान्चास हजार नौ सय असी रुपैया मात्र) सम्बन्धमा छलफल हुँदा पालिकाले आ.व. ०७८/०७९ मा युवाहरुलाई ड्राईभिङ्ग तालिम संचालन गरेको, तालिम संचालन गर्दा सार्वजनि खरिद ऐन नियमावली बमोजिम ३ वटा फर्मबाट कोटेशन मागि प्रतिस्पर्धाको माध्यमबाट तालिम संचालन गरेको देखिएको, फर्महरुले प्रस्ताव पेश गर्दा दिन र घण्टाको आधारमा प्रस्ताव पेश गरेको पाईएको । तर युवाहरु छनौटको आधार स्पष्ट नपारेको भनि बेरुजु औंलाईएकोमा यस पश्चात यस्ता प्रकृतिका कार्यक्रम संचालन गर्दा सार्वजनिक सुचना आवहान गर्ने, वास्तविक लाभग्राहि छनौटका लागि पालिकाको अनुगमन समितिबाट अनुगमन गर्ने, आर्थिक विपन्नता, तालिमको वास्तविक आवश्यकता लगाएतका आधारमा मात्र तालिम संचालन गर्ने प्रतिवद्धता सहित बेरुजु समपरिक्षणका लागि अनुरोध गर्ने निर्णय गर्नका लागि सभामा पेश गर्ने ।

२.बुँदा नं ४२ -को अनुगमन भत्ता वितरण सम्बन्धमा विभिन्न कार्यक्रमहरु जस्तै योजना अनुगमन, विद्यालय योजना, कुखुरापालक कृषकहरुका लागि ह्याचरी तथा अन्य अनुदान अनुगमन, विद्यालय वार्षिक परिक्षा अनुगमन, योग शिविर अनुगमन, एड्भान्स सिलाई कटाई तालिम अनुगमन गरेको भनि अनियमित भनी रु. ९०२५००/- (अक्षरुपी नौ लाख दुई हजार पाँच सय रुपैया मात्र) बेरुजु औंलाईएकोमा हालका वर्षहरुमा अनुगमन यस्ता प्रकृतिका कार्यक्रममा अनुगमन भत्ता दिन कार्यमा उल्लेख्य मात्रामा कमि आएको पाईएको, तथा यस पश्चात कुनै गाउँपालिका भित्रको आयोजनाको कार्यालयकै कर्मचारी तथा जनप्रतिनिधिबाट अनुगमन गर्दा नियमानुसार पाउने सेवा सुविधा मात्र लिने तथा यस प्रकृतिका चालु खर्च नियन्त्रणका लागि गाउँपालिका कार्यलायलाई निर्देशन दिने निर्णय सहित भ्रमण प्रतिवेदन, भ्रमण पुष्टि हुने विल भरपाई, भ्रमण अभिलेख खाता, कुन आयोजनाको अनुगमन गरेको हो फोटो सहितको स्पष्ट विवरण लगाएतका अभिलेख दुरुस्त राखि तालिम तथा गोष्ठि जस्ता कार्यालयको दैनिक कामकाज भित्र पर्ने कार्यको अनुगमन गर्ने तर भत्ता वितरणमा नियन्त्रण गर्न कार्यालयलाई आदेश दिने निर्णय सहित बेरुजु समपरिक्षणका लागि श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने कार्यका लागि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

मिति : २०८२/१०/०४, का.पा बैठक संख्याः १३-२०८२/८३

३.बुँदा नं ४५ -को कार्यक्रम सम्बन्धित भत्ता वितरण सम्बन्धमा स्पष्ट विषयवस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता वितरण गर्न नमिल्ले व्यवस्था तथा बैठकमा सहयोगी र सहायक एक जना साथै आवश्यक परेको खण्डमा बढिमा ३ जना आमन्त्रित सदस्यका रुपमा राख्ने व्यवस्थाको पालना नगरेको भन्ने व्यहोराको अनियमित बेरुजु रकम रु. ५,३३,५००/- (अक्षरुपी पाँच लाख तेत्तिस हजार पाँच सय रुपैया मात्र) सम्बन्धमा छलफल हुँदा श्री महालेखा परिक्षकको कार्यालयको आ.व. २०७८/७९ पश्चात बैठक भत्तामा नियन्त्रण भएको पाईएको तथा यस प्रकृतिका चालु खर्च नियन्त्रण गर्ने स्पष्ट निर्देशन सहित यस पश्चात बैठक भत्ता सम्बन्धमा लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को परिच्छेद २ को व्यवस्था पुर्ण रुपमा पालन गर्न निर्देशन दिने गरि बेरुजु समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्ने गरि सभामा निर्णय पेश गर्ने ।

४.बुँदा नं ६३.३ -को अनियमित बेरुजु रकम रु. ४,९८,०८०/- (चार लाख अन्ठानब्बे हजार असी रुपैया मात्र) सम्बन्धि छलफल हुँदा पालिकाले सोलार बत्ति आवश्यकताको आधारमा खरिद गरेको देखिएको तथा सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार नै तिन वटा फर्मबाट दरभाउपत्र आवहान गरि प्रतिस्पर्धाको आधारमा खरिद गरेको पाईयो । तथापि खरिद प्रकृयामा लागत अनुमान र स्पेशिफिकेसन बनाएको भएतापनी दक्ष प्राविधिक जनशक्तिको कमिका कारण आवश्कता अनुसार बन्न नसकेको व्यहोरा उल्लेख गर्दै यस पश्चात यस्ता विद्युतिय सामाग्री खरिद गर्दा उपलब्ध हुन नसकेको जनशक्तिको लागि अन्य कार्यालयसँग समन्वय गर्ने गरि लागत अनुमान तथा स्पेशिफिकेसन बनाई खरिद कार्य गर्न निर्देशन दिने निर्णय सहित बेरुजु समपरिक्षणका लागि श्री महालेखा परिक्षकको कार्यालयसमक्ष पेश गर्न सभामा निर्णय पेश गर्ने ।

**आ.व. ०७९/०८० को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर दफावार छलफल र बेरुजु समपरीक्षण सम्बन्धमाः**

कञ्चन गाउँपालिकाको आ.व. ०७९/०८० को आर्थिक कारोबार सम्बन्धमा अन्तिम लेखापरिक्षण गरि महालेखा परिक्षकको कार्यालयबाट प्राप्त वार्षिक प्रतिवेदन उपर दफावार छलफल गर्दा देहायका बेरुजुहरुलाई समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा पेश गर्नका लागि आगामि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

१.बुँदा नं ७.२ -को कर्मचारी करार भन्ने सन्दर्भमा स्थानीय तहको पुनर्संरचना पश्चात संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७४ सालमा स्वीकृत गरी स्थानीय तहमा पठाईएको दरवन्दि तेरिजमा कार्यालय सहयोगी, सवारी चालक, पलम्बर, ईलेक्ट्रिसियन जस्ता पदको लागि दरवन्दि विवरण समावेश नगरी अन्य स्थायी पदकोला गि मात्र पठाएको, स्थानिय सरकार संचालन एन २०७४ को दफा ८३(८) बमोजिम उक्त पदहरु कार्यालयको आवश्यकता

अनुसार करार सेवामा मात्र राख्न पर्ने व्यवस्था भएको, प्रत्यक वडामा आधारभुत स्वास्थ्य केन्द्र स्थापना गरि स्थानिय तहले संचालन गर्न सक्ने सरकारको नीति बमोजिम नै आवश्यकता र औचित्यताका आधारमा गाउँकार्यपालिकाबाट निर्णय गरि खुल्ला प्रतिस्पर्धाबाट छनौट भएका कर्मचारीहरु २०७५ सालदेखि नै निरन्तर रहि आएकोमा उक्त कर्मचारीहरु स्वीकृत दरवन्दी वाहिर रहेको भन्नु औचित्यपूर्ण नदेखिएको र हाल कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण भई गाउँसभाको १४ औ अधिवेशनबाट दरवन्दी तेरिज र संगठन संरचना स्वीकृत भएको र उल्लेखित सवै कर्मचारीहरु दरवन्दि भित्रै परेको हुँदा करारका कर्मचारीहरुलाई भुक्तानी भएको तलब भत्ता बापतको बेरुजु रकम रु.२७,०६,९९२/- नियमित (फस्यौंट) गरी बेरुजु समपरीक्षणका लागि पेश गर्ने ।

<u>२.बुँदा नं ४५.२</u> — निज ठेकदारको कार्यसम्पादन जमानतबाट बेरुजु रकम असुल गरि गाउँपालिकाको खातामा दाखिला भएको आधारमा बेरुजु समपरिक्षणका लागि अनुरोध गर्ने ।असुल गरिएको रकम रु. १५,१३,३५१/- (अक्षरुपी पन्ध्र लाख तेह्र हजार तिन सय एकाउन्न रुपैया मात्र )

<u>३.बुँदा नं ६७</u> -को अनुगमन भत्ता वितरण सम्बन्धमा विभिन्न कार्यक्रमहरु जस्तै कृषि तथा पशु सम्बन्धि सिप विकास तालिम, महिलालाई आयआर्जन संस्थागत क्षमता विकास सम्बन्धी तालिम, गृहिणिका लागि आरोग्य भान्साघर संचालन अभिमुखिकरण, मागमा आधारित कृषि अनुदान अनुगमन लगाएत कार्यक्रमको विभिन्न कर्मचारी तथा जनप्रतिनिधिबाट अनुगमन गर्दाको अनुगमन भत्ता भनी भुक्तानी भएको रु. ४,५०,५००/- (अक्षरुपी चार लाख पचास हजार पाँच सय रुपैया मात्र) बेरुजु औलाईएकोमा हालका वर्षहरुमा अनुगमन यस्ता प्रकृतिका कार्यक्रममा अनुगमन भत्ता दिन कार्यमा उल्लेख्य मात्रामा कमि आएको पाईएको, तथा यस पश्चात कुनै गाउँपालिका भित्रको आयोजनाको कार्यालयकै कर्मचारी तथा जनप्रतिनिधिबाट अनुगमन गर्दा नियमानुसार पाउने सेवा सुविधा मात्र लिने तथा यस प्रकृतिका चालु खर्च नियन्त्रणका लागि गाउँपालिका कार्यलायलाई निर्देशन दिने निर्णय सहित कुन आयोजनाको अनुगमन गरेको हो फोटो सहितको स्पष्ट विवरण लगाएतका अभिलेख दुरुस्त राखि तालिम तथा गोष्ठि जस्ता कार्यालयको दैनिक कामकाज भित्र पर्ने कार्यको अनुगमन गर्ने तर भत्ता वितरणमा नियन्त्रण गर्न कार्यालयलाई आदेश दिने निर्णय सहित बेरुजु समपरिक्षणका लागि श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने कार्यका लागि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**आ.व. ०८०/०८१ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर दफावार छलफल र बेरुजु समपरीक्षण सम्बन्धमाः**

कञ्चन गाउँपालिकाको आ.व. ०८०/०८१ को आर्थिक कारोबार सम्बन्धमा अन्तिम लेखापरिक्षण गरि महालेखा परिक्षकको कार्यालयबाट प्राप्त वार्षिक प्रतिवेदन उपर दफावार

छलफल गर्दा देहायका बेरुजुहरुलाई समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा पेश गर्नका लागि आगामि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

१.बुँदा नं २८ -को मुचुल्का राजश्वको ५० प्रतिशत कर्मचारीले पाउने भन्ने सम्बन्धमा रकम रु.१३९५००/- (एक लाख उनान्चालिस हजार पाँच सय रुपैया मात्र) अनियमित बेरुजु भनी उल्लेख भएकोमा गाउँपालिकाको आ.व.२०८०/८१ को आर्थिक ऐनमा उल्लेख गरि वडा कार्यालयको कार्यचाप समेतलाई मध्यनजर गरि कार्यालय समय भन्दा बाहेक विहान बेलुका फिल्डमा गई सरजमिन मुचुल्का गर्ने कर्मचारीलाई प्रोत्सान स्वरुप राजश्व संकलनको ५० प्रतिशतले हुन आउने रकममा १५ प्रतिशत रकम पारिश्रमिक कर कट्टि गरि भुक्तानी गर्ने गर्दा कार्यसम्पादन यथार्थमा आधारित हुने गरेको देखिएको । तथापी आ.व. २०८०/८१ को वार्षिक अन्तिम लेखा परिक्षणमा बेरुजु कायम भए पश्चात उक्त रकम दिन बन्द गरिएकोले बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।

२.बुँदा नं २९- श्रीमान गाउँपालिका उपाध्यक्षले चिन सरकारको Belt Road Chinese University And Overse as Partner Exchange Conference को आमन्त्रणमा चिन जानुभएकोमा उहाँको वैदेशिक भ्रमण खर्च (हवाईजहाज टिकट शुल्क मात्रै) कार्यपालिकाको निर्णयानुसार भुक्तानी भएकोमा वार्षिक अन्तिम लेखापरिक्षण प्रतिवेदनमा अनियमित भनी रकम रु. १३६५३०/- (अक्षरुपी एक लाख छत्तिस हजार पाँच सय तिस रुपैया मात्र) बेरुजु कायम भएकोले यस पश्चात संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पुर्वस्वीकृती लिएर मात्र जाने कार्य अनिवार्य गर्ने गरि उक्त अनियमित बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।

२.बुँदा नं ३३- इकाला प्रहरी कार्यालय रुद्रपुरले कार्यक्रम संचालन गरेको सम्बन्धमा अनियमित बेरुजु भनि रु. ४,४०,७९८/- (अक्षरुपी चार लाख चालिस हजार सात सय अन्ठानब्बे रुपैया मात्र) कायम भएकोमा गाउँपालिको वार्षिक स्विकृत कार्यक्रम भित्रका जनचेतनामुलक तथा समुदायमा आधारित लागुऔषध बेचविखन, प्रयोग, मानव बेचविखन, विभिन्न जनचेतनामुकल सडक नाटक लगाएतका समुदायमा जागरण ल्याउने प्रकृतिका कार्यक्रम संचालनका लागि ईलाका प्रहरी कार्यालयसँग सम्झौता गरि कार्यक्रम संचालन गरिएकोमा यस पश्चात यस्ता प्रकृतिका कार्यक्रम गाउँपालिकाको विषयगत शाखाबाट मात्र संचालन गर्ने गरि बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।

३.बुँदा नं ३८- वितरणमुखि खर्च भनि औलाईएको बेरुजु सम्बन्धमा छलफल हुँदा रकम रु.९,९४,१२३/- (अक्षरुपी नौ लाख चौरानब्बे हजार एक सय तेईस रुपैया मात्र) रुद्रपुर युवा क्लबलाई जिमका सामाग्री खरिद दाखिला गरि हस्तान्तरण गरिएको, युवा तथा खेलकुद नेपालको संविधानका अनुसुचि अनुसार स्थानिय तहको कार्यक्षेत्रभित्र पर्ने तथा युवा तथा खेलकुद तथा स्थानिय वासिन्दाको स्वास्थ्य प्रवर्द्धन समेतलाई मध्यनजर गरि जिमका सामाग्री हस्तान्तरण

गरिएकोमा यस पश्चात यस्ता कार्यक्रम संचालन गर्दा निश्चित कार्यविधि तथा मापदण्डको आधारमा मात्र खर्च गर्ने गरि बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।

४.बुँदा नं ३९.२- अन्य कार्यालयको खर्च भनि ईलाका प्रहरी कार्यालय रुद्रपुरको सवारी साधन मर्मतका लागि भुक्तानी भएको रु.५०,०००/-(अक्षरुपी पचास हजार रुपैया मात्र) अनियमित बेरुजु भनी औंलाईएकोमा ईलाका प्रहरी कार्यालय रुद्रपुरको एक मात्र सवारी साधन रहेको तथा उक्त सवारी साधन अत्यन्तै जीर्ण अवस्थामा रहेको कारण स्थानिय शान्ति सुरक्षा, सुव्यवस्था कायम राख्नका लागि प्रहरी परिचालन गर्नुपर्ने गाउँपालिकाको बाध्यता समेतलाई मध्यनजर गर्दै यस पश्चात अन्य कार्यालयको चालु खर्च कार्यालयबाट भुक्तानी नगर्ने गरि बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।

५.बुँदा नं ५७- मेशिन दाखिला तथा हस्तान्तरण नभएको भनी लघु उद्यम कार्यक्रम तर्फ खरिद भएको दुना टपरी पेपर कप पिलेट बनाउने मेशिन सम्बन्धमा अनियमित बेरुजु औंलाईएकोमा उक्त कार्यक्रम गाउँपालिका भित्रकै वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको तथा लघु उद्यम विकास कार्यक्रमको सुविधा भवन निर्माण सम्पन्न भईसकेको । तथा खरिद तथा दाखिला नभएको भनिएकोमा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम प्रतिशपर्धाका आधारमा खरिद गरि खरिद आदेश र दाखिला प्रतिवेदन पेश भएको । उक्त मेशिन अहिले प्रयोग भएको अवस्थामा रहेकोले उक्त अनियमित भिन कायम बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।बेरुजु रकम रु. २,५७,०००/- (अक्षरुपी दुई लाख सन्ताउन्न हजार रुपैया मात्र)

६.बुँदा नं ६१- पालिकाले सिँचाई सम्बन्धि यन्त्र उपकरण ७५ प्रतिशत अनुदानमा लागत सहभागितामा उपकरण खरिद गरि फिटिङ्ग खर्च बापतको रकम दिनुपर्ने भनी बेरुजु औंलाईएकोमा कञ्चन गाउँपालिका कृषिको उर्वर भुमि रहेको, स्थानिय खोला नालाको अभावमा सिँचाई समस्या एउटा प्रमुख समस्याको रुपमा रहेकोले सिँचाई प्रवर्द्धनका लागि पालिकाले कार्यक्रम संचालन गर्ने गरेकोमा यस पश्चात यस्ता प्रकृतिका खर्च गर्दा लागत सहभगितालाई समेत ध्यान दिदा कार्यक्रम प्रभावकारी हुने, स्थानिय अपनत्व बढ्ने कुरा मध्यनजर गर्दै उक्त अनियमित कायम भएको बेरुजु रु. १,००,०००/- (अक्षरुपी एक लाख रुपैया मात्र) समपरिक्षणका लागि पेश गर्ने ।

७.बुँदा नं ६३- विद्युत मर्मत तथा पोल खरिद सम्बन्धमा अनियमित भनि रकम रु. १,५३,४९१/- (एक लाख त्रिपन्न हजार चार सय एकानब्बे रुपैया मात्र) औंलाईएको बेरुजु माथी छलफल हुँदा गाउँपालिकामा विद्युत संरचना निर्माण, मर्मत संभारका लागि दक्ष जनशक्ति नभएको कारण उक्त कार्य उपभोक्ता समितिबाट भएतापनी नेपाल विद्युत प्राधिकरण शाखा कार्यालयबाट लागत अनुमान तयार, नाँपजाँच तथा कार्यसमपन्न प्रतिवेदन प्राप्त भएपश्चात मात्र संलग्न बिल भरपाईका आधारमा भुक्तानी गरिएको । आ.व. २०८०/८१ को वार्षिक लेखापरिक्षण प्रतिवेदनमा बेरुजु कायम हुन पुगेको कारण त्यस पश्चात विद्युतिकरण सम्बन्धि

मिति : २०८२/१०/०४, का.पा बैठक संख्या: १३-२०८२/८३

कार्य गर्दा नेपाल विद्युत प्राधिकरण भैरहवा तथा बुटवल शाखाबाट लागत अनुमान तयारी गरि लागत अनुमानका आधारमा उक्त शाखाहरुको बैंक खातामा रकम जम्मा गर्ने गरिएको र उक्त शाखाबाट सार्वजनिक खरिको उपयुक्त विधि मार्फत कार्यसमपन्न भएपश्चात मात्र हिसाब फरफारक गर्ने गरिएकोले गाउँपालिकाले सुधार गरेको कार्यका आधारमा बेरुजु समपरिक्षणका लागि अनुरोध गर्ने ।

८.बुंदा नं ६४- क्यापसलाई अनुदान शिर्षकमा औलाईएको रकम रु.५,००,०००/- (अक्षरुपी पाँच लाख रुपैया मात्र) अनियमित बेरुजु शिर्षक उपर छलफल हुँदा हरैया बुहुमुखी क्याम्पस गाउँपालिकाको एक मात्र उच्च शिक्षा अध्ययन हुने क्याम्पस रहेको, उक्त क्याम्पसको संचालन रेखदेख गर्नुपर्ने बाध्यता, क्याम्पसलाई प्रदेश तथा संघ सरकारबाट संचालन रकम प्राप्त हुन नसकेको तथा वर्तमान अवस्थामा उक्त क्याम्पसको आर्थिक अवस्था अत्यन्त कमजोर हुन गई फर्निचर खरिदका लागि अनुरोध भई आएकोमा गाउँपालिकाले फर्निचर खरिदका लागि रकम भुक्तानी गरेकोमा यस पश्चात कुनै पनी शिर्षकमा क्याम्पसलाई रकम उपलब्ध नगराउने तथा बजेटका लागि प्रदेश तथा संघ सरकार समक्ष पहल गर्ने गरि कायम हुन आएको अनियमित बेरुजु समपरिक्षणका लागि अनुरोध गर्ने ।

९.बुंदा नं ८०- उपभोक्ता समितिबाट कार्यालय निर्माण कार्य सम्बन्धमा औलाईएको अनियमित बेरुजु रकम रु. १४,४९,४१२/- (चौध लाख उनान्चास हजार चार सय बाह्र) रुपैया मात्र सम्बन्धमा छलफल हुँदा गाउँपालिका भित्रका भौतिक संरचना निर्माण गर्दा सार्वजनिक खरिद ऐन, नियमावली भित्रकै व्यवस्था अनुसार सार्वजनिक खरिद कार्य अगाडि बढाईएको र गाउँपालिकाकै प्राविधिक शाखाबाट लागत अनुमान तयार, नापजाँच तथा कार्यसमपन्न प्रतिवेदनका आधारमा भुक्तानी गरेको तथापि बेरुजुको व्यहोरामा उल्लेख भए बमोजिम सेवाग्राहि प्रत्यक्ष लाभान्वित नहुने अवस्था नरहेको । गाउँपालिकाले उपभोक्ता समितिबाट भएका संरचना निर्माण प्रयोग, रेखदेखका लागि उपभोक्ता समिति नै जिम्मेवार हुने गरि उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने कार्य उपयुक्त विधिबाट कसरी गर्ने भनेर छलफल अगाडि बढाएको तथा केहि कार्य आ.व.२०८१/८२ मा सुरुवात गरेको । गाउँपालिकाले उपभोक्ता समितिबाट गर्ने सम्पुर्ण निर्माण कार्यमा लागत सहभागिता समावेश गर्ने गरेको । रु. १०,००,०००/- (अक्षरुपि दश लाख) भन्दा बढिका कुनै पनी आयोजना उपभोक्ता समितिबाट नगराएको तथा प्राविधक रुपमा जटिल गाउँपालिका तथा अन्तर्गतका संरचना यस पश्चात उपभोक्ता समितिबाट नगराउने गरि कायम बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।

१०.बुंदा नं ८४- अन्य संस्थाको खर्च भनि गाउँपालिका भित्रको रेडक्रसको भवनको कम्पाउण्ड वाल निर्माण गर्दा भएको खर्च रकम रु. ४,००,०००/- (अक्षरुपी चार लाख रुपैया मात्र) अनियमित भनी बेरुजु औलाईएकोमा गाउँपालिकामा रेडक्रसले विभिन्न कार्यक्रम जस्तै रक्तदान कार्यक्रम, विपद उद्दार राहत वितरण तथा स्थानिय समुदायमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम

संचालन गर्दै आएको, गाउँपालिका भित्रका संघ, संस्था दर्ता नविकरण रेखदेख लगायतका कार्य गाउँपालिकाको संवैधानिक क्षेत्राधिकार भित्र रहेको रेडक्रसको आर्थिक अवस्था अत्यन्तै नाजुक रहेको र रेडक्रसको भवन संरक्षण प्रयोजनार्थ कम्पाउण्ड वाल निर्माण कार्य वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत समावेश गरि निर्माण कार्य गरेकोले यस पश्चात यस्ता अन्य संघ संस्थाको खर्च रकम कार्यलाय बाट भुक्तानी नगर्ने गरि कायम भएको अनियमित बेरुजु समपरिक्षणका लागि पेश गर्ने ।

**१३.५ कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दोस्रो संशोधन सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को देहाय बमोजिमको संशोधन प्रस्ताव कार्यापालिकाबाट अनुमोदन गर्दै स्विकृतका लागि कञ्चन गाउँपालिकाको उन्नाइसौ गाउँसभाको दोस्रो बैठकमा उपाध्यक्ष श्री मौसमी थापा मगर मार्फत पेश गर्ने -

देहाय

गाउँपालिकामा रहेका हाट बजार, ताल तलैया गाउँपालिका मातहतमा रहने र हाट बजार ताततलैया सार्वजनिक सम्पत्तिको भाडा गाउँपालिकाको ठेक्का बाहेकको रकममा कुल अंकको १० प्रतिशत हुने गरी आर्थिक ऐन, २०८२ मा व्यवस्था गर्ने ।

**१३.६ साझेदारीमा संचालन हुने कार्यक्रम (म्याचिङ फन्ड) कार्यक्रम कार्यान्वयन सम्बन्धमा,**

आ.व. ०८२/०८३ को गाउँसभावाट वैकल्पिक ऊर्जा, सडक वोर्ड, हेलेन केलर लगायत संघ-संस्था संग साझेदारीमा संचालन हुने कार्यक्रमको लागि (म्याचिङ फन्ड) अन्तर्गत रु ५० लाख बजेट विनियोजन भएकोमा हेलेन केलर इन्टरनेशनल नेपालको प्रस्ताव बमोजिम पोषण प्रवर्द्धनको लागि सुन्तला रङको सख्खरखण्ड (Orange Fleshed Sweet Potato) प्रवर्द्धन कार्यक्रमको लागि प्रस्तावित कार्यक्रम स्वीकृत गर्ने तथा आ.व. ०८२/०८३ मा सो कार्यक्रम संचालनको लागि कुल १९ लाख ४० हजार बराबरको वजेट तथा कार्यक्रम प्रस्ताव भएकोमा कंचन गाउँपालिका तर्फबाट रु. ८,५०,०००/- (अक्षरूपी आठ लाख पचास हजार) बराबरको लागत साझेदारी गर्ने । यस कार्यक्रमको सम्झौता अवधी २०८२/११/१ देखि २०८३/२/३१ सम्म रहने गरी गाउँकार्यपालिकाको तर्फबाट सम्झौता गर्न गाउँपालिका अध्यक्ष श्री नवराज ढकालज्यूलाई अख्तियारी प्रदान गर्ने।

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट तेह्रौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

## घटाउने

| क्र.स. | योजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १ | भैपरी आउने चालु खर्च | गा.पा. | २३५०००० |
| २ | गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण | गा.पा. | १५००००० |
| ३ | गाउँसभाको निर्णयानुसारको अतिरिक्त समय भत्ता | गा.पा. | ९००००० |
| ४ | आकस्मिक पुर्वाधार निर्माण गाउँपालिकाबाट निर्मित कानुन बमोजिम हुने गरी | गा.पा. | १०००००० |
| ५ | वैकल्पीक उर्जा, सडक बोर्ड, हेलेन केलर लगाएत संघ संस्थासँग संचालन हुने कार्यक्रमहरुको | गा.पा. | ३१६०००० |
| ६ | पालिका स्तरिय कृषि मेला प्रदर्शनी तथा एग्री एक्स्पो कृषि प्रद्धर्शनीमा सहभागिता | गा.पा. | १००००० |
| ७ | अनुदान सिफारिस तथा अनुगमन समिति पदाधिकारी/कृषि तथा पशु सेवा शाखाका | गा.पा. | ३००००० |
| ८ | कृषि समुह/कृषि फर्मलाई निःशुल्क हिउँदे मौसममा लगाईने तरकारी बिउ वितरण | गा.पा. | २५०००० |
| ९ | पुर्वकर्म तथा पञ्चकर्मका सामाग्री खरिद तथा व्यवस्थापन र तालिम खर्च | गा.पा. | २००००० |
| १० | अन्तर स्थानिय तह अध्ययन अवलोकन भ्रमण | गा.पा. | ५००००० |
| | | | १०२६०००० |

## थप गर्ने योजना/कार्यक्रम

| क्र.स. | योजनाको नाम | वडा नं. | माग रकम |
|---|---|---|---|
| १ | कुचेरा देखि दानापुर ताल हुँदै समयमाई मन्दिर जाने सडक पि.सि.सि ढलान | १ | २५०००० |
| २ | वडा कार्यालय मर्मत तथा पूर्वाधार निर्माण कार्य | ४ | ९००००० |
| ३ | श्री दुर्गा मन्दिरको सभाहल रङरोगन, फर्निचर, वाल तथा शौचालय निर्माण | ३ | २००००० |
| ४ | गजेडी मा.वि.मा खानेपानी व्यवस्थापन | २ | १२०००० |
| ५ | बाँझीघारी पूर्व-पश्चिम सडक ग्राभेल | ४ | ३००००० |
| ६ | तुल्सीघाटको उत्तर साइडमा ग्याबिन वाल | ४ | ४००००० |
| ७ | सानो उकाली बहुउद्देश्यीय पार्क निर्माणको अधुरो कार्य | १ | २००००० |
| ८ | पुलदेखि नयाँ बस्ती जाने सडक हेभी ग्राभेल | ४ | ५००००० |
| ९ | गौडी बजारमा गाईको प्रतिमा निर्माण | ५ | २००००० |
| १० | दक्षिण भैंसाहीको कुलो मर्मत | ५ | २००००० |
| ११ | दुर्गा मा.वि.मा ट्रस सहित साइकल स्टयाण्ड | १ | ५००००० |
| १२ | रुद्रपुर खानेपानी सरसफाई उपभोक्ता समितिको भवनमा इन्टरलग लगाउने कार्य (५० प्रतिशत | ४ | १००००० |
| १३ | बागलुङ कालिका मन्दिर निर्माण (अधुरो) | ३ | २००००० |
| १४ | श्री बुद्धभूमि आ.वि.मा शिक्षक तलबका लागि | १ | २००००० |
| १५ | साइकलचोक देखि पूर्व जाने सडक पि.सि.सि. ढलान (अपुग रकम थप) | ४ | २००००० |
| १६ | प्रविण गुरुङको घरदेखि विरू कुँवरको घरसम्म नाली निर्माण (अपुग रकम) | २ | २००००० |
| १७ | महिला मगर संघको अधुरो भवन निर्माण | १ | ५००००० |
| १८ | योगिकुटीमा महारानी मन्दिर निर्मार्ण | ५ | ३००००० |
| १९ | जनसचेतना आमा समूहको अधुरो भवन निर्माण | ५ | १००००० |
| २० | रुद्रपुर सुनगाभा हर्नाचौर हरैया खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा बोरिङ्ग जडान कार्य | ३ | ६००००० |
| २१ | तरायढ ग्यालबिन वाल निर्माण र माटो फिलिङ्ग कार्य | २ | ३००००० |
| २२ | कुस्माडाँडामा स्यालो ट्युववेल जडान | १ | १५०००० |
| २३ | जनचाहना टोलको कुलोदेखि ओमकारको घरसम्म सडक ग्राभेल | ३ | २००००० |
| २४ | हरैया हाटबजार देखि मानबीरको पुरानो घरसम्म सडक ग्राभेल | ३ | २५०००० |
| २५ | सेन्चुरी टोलमा स्यालो ट्युववेल जडान | १ | १५०००० |
| २६ | उत्पादनमा आधारित हिउँदे तथा वर्षे घाँस खेतीमा अनुदान कार्यक्रम (साविक बजेट विनियोजन भएकोमा बजेट अपुग भएकोले थप) | गा.पा. | ५००००० |
| २७ | गाई/भैंसीलाई सुत्केरी स्याहार तथा पोषण सुधारमा प्रोत्साहन कार्यक्रम (साविक बजेट विनियोजन भएकोमा बजेट अपुग भएकोले थप) | गा.पा. | ५००००० |
| २८ | खोप कार्यकर्ताहरूको लागि यातायात खर्च | गा.पा. | १२०००० |

नवराज कुँवर
अध्यक्ष

| क.स. | योजनाको नाम | वडा नं. | माग रकम |
|---|---|---|---|
| २९ | बाग्लुङ्गेटोलमा नाली निर्माण तथा सडक स्तरोन्नति (साविक बजेट विनियोजन भएकोमा बजेट अपुग भएकोले थप) | गा.पा. | २०००00 |
| ३० | N-WASH PLAN तयारी | गा.पा. | ७०००00 |

नवराज [illegible]
गा. पा. अध्यक्ष

| क्र.स. | योजनाको नाम | वडा नं. | माग रकम |
|---|---|---|---|
| ३१ | शुसासन, पारदर्शिता, सुचनाको हक सम्बन्धी अभिमुखिकरण तालिम | गा.पा. | ९०००० |
| ३२ | एकिकृत घम्ती शिविर संचालन | गा.पा. | २५०००० |
| ३३ | मानव अधिकार प्रवर्द्धन कार्याक्रम | गा.पा. | १००००० |
| ३४ | जलवायु परिवर्तन सम्बन्धि स्थानिय अनुकुलन कार्ययोजना | गा.पा. | २००००० |
| ३५ | पानी तथा विजुली | गा.पा. | ५००००० |
| ३६ | गाउँसभाको निर्णयानुसारको खाजा भत्ता | गा.पा. | १०००००० |
| ३७ | सहकारी सम्बन्धी तालिम | गा.पा. | १५०००० |
| ३८ | प्रगती माध्यामिक विद्यालयमा फिल्ड पेभिङ्ग (साविक बजेट विनियोजन भएकोमा बजेट अपुग भएकोले थप) | गा.पा. | १८००००० |
| ३९ | निर्मित गुरुयोजनाका आधारमा स्थानिय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान (संघिय शसर्त अनुदानसँग लागत साझेदारी) प्रगती मा.वि.को चार कोठे भवन निर्माण | गा.पा. | ११५०००० |
| ४० | निर्मत सडकहरु मर्मत तथा नयाँ सडक कालोपत्रे (थप रकम) | गा.पा. | ९०५००० |
| ४१ | वडा नं २ का विभिन्न स्थानहरुमा स्यालो ट्युवेल तथा समरसेवल मोटर जडान | २ | ५००००० |
| ४२ | सडको बोर्डसँगको साझेदारीमा सडक निर्माण | गा.पा. | २३००००० |
| ४३ | हेलेन केलरसँगको साझेदारीमा OFSP प्रवर्द्धन कार्यक्रम | गा.पा. | ८८८८३०१ |
| ४४ | वैकल्पिक उर्जासँगको साझेदारीमा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | गा.पा. | ५००००० |
| ४५ | सालघारी जाने सडक देखि मुन्द्रेटोल जाने सडक हेवि ग्राभेल | ३ | ३००००० |
| ४६ | धमिनाताल कभर्डहलमा भौतिक पुर्वाधार निर्माण | ३ | १७०००० |
| ४७ | बजबजाहमा स्यालो ट्युवेल जडान | २ | २००००० |
| ४८ | वृन्दावन सडकदेखि जगमायाको घर हुँदै संजय चोकको कल्भर्ट सम्म सडक ग्राभेल | ५ | १००००० |
| ४९ | तल्लो अस्नैयामा स्यालो ट्युवेल जडान | २ | ३००००० |
| ५० | दिदि-वहिनी महिला समुहको ट्रस निर्माण | ५ | ३००००० |
| ५१ | हरैया बहुमुखी क्याम्पसमा पुस्तकालय व्यवस्थापन | गा.पा. | ३००००० |
| | जम्मा | | २९२४३३०१ |

नवराज ढकाल
गा. पा. अध्यक्ष

| क.स. | योजनाको नाम | वडा नं. | माग रकम |
|---|---|---|---|
| ३१ | शुसासन, पारदर्शिता, सुचनाको हक सम्बन्धी अभिमुखिकरण तालिम | गा.पा. | ९०००० |
| ३२ | एकिकृत घम्ती शिविर संचालन | गा.पा. | २५०००० |
| ३३ | मानव अधिकार प्रवर्द्धन कार्याक्रम | गा.पा. | १००००० |
| ३४ | जलवायु परिवर्तन सम्बन्धि स्थानिय अनुकुलन कार्ययोजना | गा.पा. | २००००० |
| ३५ | पानी तथा विजुली | गा.पा. | ५००००० |
| ३६ | गाउँसभाको निर्णयानुसारको खाजा भत्ता | गा.पा. | १०००००० |
| ३७ | सहकारी सम्बन्धी तालिम | गा.पा. | १५०००० |
| ३८ | प्रगती माध्यामिक विद्यालयमा फिल्ड पेभिङ्ग (साविक बजेट विनियोजन भएकोमा बजेट अपुग भएकोले थप) | गा.पा. | १८००००० |
| ३९ | निर्मित गुरुयोजनाका आधारमा स्थानिय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान (संघिय शसर्त अनुदानसँग लागत साझेदारी) प्रगती मा.वि.को चार कोठे भवन निर्माण | गा.पा. | ११५०००० |
| ४० | निर्मत सडकहरु मर्मत तथा नयाँ सडक कालोपत्रे (थप रकम) | गा.पा. | ९०५००० |
| ४१ | वडा नं २ का विभिन्न स्थानहरुमा स्यालो ट्युवेल तथा समरसेवल मोटर जडान | २ | ५००००० |
| ४२ | सडको बोर्डसँगको साझेदारीमा सडक निर्माण | गा.पा. | २३००००० |
| ४३ | हेलेन केलरसँगको साझेदारीमा OFSP प्रवर्द्धन कार्यक्रम | गा.पा. | ८८८८३०१ |
| ४४ | वैकल्पिक उर्जासँगको साझेदारीमा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | गा.पा. | ५००००० |
| ४५ | सालघारी जाने सडक देखि मुन्द्रेटोल जाने सडक हेवि ग्राभेल | ३ | ३००००० |
| ४६ | धमिनाताल कभर्डहलमा भौतिक पुर्वाधार निर्माण | ३ | १७०००० |
| ४७ | बजबजाहमा स्यालो ट्युवेल जडान | २ | २००००० |
| ४८ | वृन्दावन सडकदेखि जगमायाको घर हुँदै संजय चोकको कल्भर्ट सम्म सडक ग्राभेल | ५ | १००००० |
| ४९ | तल्लो अस्नैयामा स्यालो ट्युवेल जडान | २ | ३००००० |
| ५० | दिदि-वहिनी महिला समुहको ट्रस निर्माण | ५ | ३००००० |
| ५१ | हरैया बहुमुखी क्याम्पसमा पुस्तकालय व्यवस्थापन | गा.पा. | ३००००० |
| | जम्मा | | २९२४३३०१ |

गा. पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन गाउँपालिका
कञ्चन-२ रुपन्देही

## योजना संशोधन (वडागत बजेट संसोधन)

| | संसोधित हुने योजना | रकम | | कायम हुने योजना | रकम |
|---|---|---|---|---|---|
| १ | माध्यमिक तहको पाठ्यक्रममा आधारित मूल विषयको विषयगत तालिम | ४००००० | गा.पा. | सामुदायिक विद्यालयमा E-ATTENDANCE प्रणाली जडान | ९००००० |
| २ | सामुदायिक विद्यालयका विद्यार्थिहरुको नाक, कान, घाँटिको परिक्षण तथा स्क्रिनिङ्ग | ५००००० | | | |
| ३ | विशेषज्ञ सहितको स्वास्थ्य शिविर | २००००० | गा.पा. | निःशुल्क वितरणका लागि औषधि खरिद | ५००००० |
| ४ | किशोरीहरुलाई रक्त अल्पता परिक्षण | १००००० | | | |
| ५ | संक्रमण तथा नसर्ने रोग न्युनिकरणमा अध्यक्ष कार्यक्रम अन्तर्गत ३० वर्ष उमेर माथीका लाई स्क्रिनिङ्ग सम्बन्धि कार्यक्रम | २००००० | | | |
| ६ | जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अध्ययन अवलोकन भ्रमण | २००००० | २ | कृषि सामाग्री खरिद (थप साविक बजेट विनियोजन भएको) | २००००० |
| ७ | रुद्रपुर सुनगाभा हर्नाचौर हरैया खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा बोरिङ्ग अटोमेसन खरिद तथा जडान | ४००००० | ३ | रुद्रपुर सुनगाभा हर्नाचौर हरैया खानेपानी तथा स.उ.स.मा बोरिङ जडान कार्य | ४००००० |
| ७ | आकस्मिक पूर्वाधार निर्माण | १२०००० | ५ | दक्षिण भैंसाही मन्दिर जाने बाटो पिपिसी ढलान | ५०००० |
| | | | | आकस्मिक पूर्वाधार निर्माण | ७०००० |
| ८ | विपन्न परिवारलाई सहयोग | ५०००० | ५ | महिला स्वंयसेविका सम्मान (छाता, झोला र तौल मेसिन वितरण) | ५०००० |
| ८ | वडाका कर्मचारी प्रोत्साहन कार्यक्रम | ५०००० | ५ | वडाका कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास कार्यक्रम | ८०००० |
| ९ | शिव मन्दिर वर्गदवा पर्खाल निर्माण | १००००० | ५ | शिव मन्दिर वर्गदवा पर्खाल पलाष्टर गर्ने कार्य | १००००० |
| १० | व्यक्तिगत घटना दर्ता तथा पञ्जीकरण सम्बन्धी विद्यालय स्तरीय अन्तरक्रिया कार्यक्रम | १५०००० | ५ | वडा कार्यालय र अन्य सरकारी कार्यालयमा आवश्यक पर्ने निवेदन तथा अन्य सरकारी कागजात लिखत्त तयार र कानुनी प्रावधान सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १२०००० |
| ११ | अध्ययन अवलोकन भ्रमण | २००००० | ५ | वारिष्टा तालिम संचालन | २००००० |
| १२ | अध्ययन अवलोकन भ्रमण (पेज नं. ११३ क.स. ३३९) | १७०००० | ३ | धमिनाताल शिव मन्दिरमा तारबार | १७०००० |
| १३ | वडा नं. ३ भित्रका उत्कृष्ट पशुपालन तथा करदातालाई सम्मान कार्यक्रम (पेज नं. ११४ | १००००० | ३ | सामाजिक सञ्जाल प्रयोग सम्बन्धि सचेतनामुलक कार्यक्रम | १००००० |
| १४ | वडा नं. ३ भित्रका मगर समिति र वडा कार्यालयको सहकार्यमा भाषा कक्षा सञ्चालन (पेज नं. ११४ क.स. ३४६) | ५०००० | ३ | प्रगति आमा समूहको लागि कुर्सी तथा टेन्ट वितरण | ५०००० |
| १५ | सामाजिक सुरक्षा नवीकरण कार्यक्रम (पेज नं. ११४ क.स. ३४७) | १००००० | ३ | बालमैत्री स्थानीय शासन सम्बन्धि तालिम | १००००० |
| १६ | श्यामको घरदेखि सुनिलको घरसम्म सडक ग्राभेल (पेज नं. १०७ क.स. २८४) | १००००० | १ | श्यामको घरदेखि सुनिलको घरसम्म सडक पिसिसि ढलान | १००००० |

नवराज ढकाल
गा. पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | धर्म संस्कृति संरक्षण सम्बन्धि कार्यक्रम (पेज नं. १०५ क.स. २७०) | ३२०००० | १ | वडामा कार्यरत जनप्रतिनिधि तथा कर्मचारीलाई बैठक व्यवस्थापन अनुशिक्षण कार्यक्रम | ७०००० |
| १८ | दलित तथा एकल महिला लक्षित कार्यक्रम (पेज नं. १०४ क.स. २६२) महिलाहरूको लागि सीपमूलक कार्यक्रम (पेज नं. १०४ क.स. २६३) | | १ | मादल बनाउने तालिम | २५०००० |
| १९ | बकुलगाढ टेक बहादुरको घरदेखि तिलक थारूको घरसम्म सडक ग्राभेल (पेज नं. १०६ क.स. २७९) | १५०००० | १ | डहरचन्नी पथ सडक ग्राभेल | ७५००० |
| २० | बेलहवा पथ सडक ग्राभेल (पेज नं. १०६ क.स. २८१) | | १ | बेलहवा पथ सडक ग्राभेल | ७५००० |
| २१ | सामुदायिक टोल आमा समूहको भवन जाने बाटो ग्राभेल (पेज नं. ११९ क.स. २९०) | १००००० | ४ | रुद्रपुर सामुदायिक आमा समूहको अधुरो ट्रस निर्माण | १००००० |
| २२ | ५० प्रतिशत अनुदानमा च्याउको विउ वितरण | ३६०००० | गा.पा. | किसान कार्ड वितरण तथा व्यवस्थापन (कार्यविधि बमोजिम हुने गरी) | २९०००० |
| | | | | ५० प्रतिशत अनुदानमा स्प्रेयर वितरण (नपुग भएकोले बजेट थप) | ७०००० |
| २३ | अध्ययन अवलोकन भ्रमण | १५०००० | ४ | बनकसियाको घोला पुलदेखि उत्तर सडक ग्राभेल | १५०००० |
| २४ | भूपू विद्यालय देखि रिसोर्ट जाने सडक ग्राभेल | १५०००० | ४ | सुनगाभा शान्ति पार्क उत्तर मिलनचोक सडकमा अधुरो नाली निर्माण | १५०००० |
| २५ | बिरेन्द्र चोक उत्तर पूर्व सडक ग्राभेल | १५०००० | ४ | गिर बहादुर पुरानो घर उत्तर सडक ग्राभेल | १५०००० |
| २६ | कर्मचारीहरूको लागि क्षमता अभिवृद्धि गर्नका लागि अध्ययन अवलोकन भ्रमण | २००००० | १ | वडा कार्यालयमा गेट निर्माण तथा अन्य व्यवस्थापन खर्चमा थप | २००००० |
| | | ४७७०००० | | | ४७७०००० |

कुल संसोधित रकममा नयाँ थप भएका योजनाका लागि नपुग रकम रु. १८९८३३०१/- (एक करोड उनानब्बे लाख त्रियासी हजार तिन सय एक रुपैया) गत वर्षबाट बचत अल्या रकम तथा आन्तरिक स्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

**हेफर इन्टरनेशनलद्धारा आ.व. २०८२/८३ मा गाउँपालिकाभित्र संचालन गर्ने कार्यक्रमहरु संसोधन सम्बन्धमा**

| क्र.सं. | गाउँपालिका तर्फ | रकम |
|---|---|---|
| १ | कृषक समूहमार्फत उत्पादन सामग्री सहायता | २८८०००० |
| २ | प्रशोधन केन्द्रको निर्माण | ४८००००० |